**कैलारी गाउपालिका**
**गाउ कार्यपालिकाको कार्यालय**
**हसुलिया, कैलाली**
**सुदूरपश्चिम प्रदेश**

पत्र सं : २०७९/०८०
चलानी नं. :

**माछापालन तथा विक्रि वितरण कार्यका लागि सिलवन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना**

**आ.व.२०७९/०८० मा प्रथम पटक प्रकाशित मिति २०८०/०३/०५**

रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा ४ अनुसार यस गाउपालिकाको क्षेत्र भित्र रहेका तपसिलका तालहरु माछा तथा विक्रि वितरण कार्यका लागि वोलपत्र आह्वान गरी ५ वर्ष का लागि ठेक्का लगाउनु पर्ने भएकोले रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन २०२० को दफा ५ अनुसार वोलपत्र आह्वान सम्बन्धी यो सुचना प्रकाशित गरिएको छ। उक्त तालमा माछा पालन विक्रि वितरण कार्यका लागि ठेक्का लिन ईच्छुक नेपाल सरकारबाट उक्त कार्यका ईजाजत प्प्त व्यक्ती, फर्म वा कम्पनीबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न ३० दिने सूचना प्रकाशित गरिएको छ।

| आय ठेक्का नं. | तालको विवरण | ठेगाना | न्यूनतम ठेक्का अंक | बोलपत्र फाराम दस्तुर | सुचनाको अवधी | ठेक्का अवधी |
|---|---|---|---|---|---|---|
| ०४/०७९/०८० | लठ्ठाहुवा ताल | कैलारी गा.पा.१ | ९९,००,०००/- | ३,०००/- | ३० दिन | ५ वर्ष |
| ०५/०७९/०८० | भटही ताल | कैलारी गा.पा.१ | ८९,१००/- | ३,०००/- | ३० दिन | ५ वर्ष |
| ०६/०७९/०८० | मसरिया ताल | कैलारी गा.पा.६ | १६,५०,०००/- | ३,०००/- | ३० दिन | ५ वर्ष |
| ०७/०७९/०८० | परसुवा ताल | कैलारी गा.पा.७ | २,८३,०००/- | ३,०००/- | ३० दिन | ५ वर्ष |
| ०८/०७९/०८० | कोइलही ताल(क) | कैलारी गा.पा.९ | १२,२२,२२२/- | ३,०००/- | ३० दिन | ५ वर्ष |
| ०९/०७९/०८० | कोइलही ताल(ख) | कैलारी गा.पा.९ | ६,७६,५०० | ३,०००/- | ३० दिन | ५ वर्ष |
| १०/०७९/०८० | कुइलहुवा ताल | कैलारी गा.पा.९ | ८,२५,०००/- | ३,०००/- | ३० दिन | ५ वर्ष |
| ११/०७९/०८० | पश्चिम रखौनी ताल | कैलारी गा.पा.५ | २०,१३,०००/- | ३,०००/- | ३० दिन | ५ वर्ष |
| १२/०७९/०८० | उत्तर रखौनी ताल | कैलारी गा.पा.५ | १६,७३,१००/- | ३,०००/- | ३० दिन | ५ वर्ष |
| १३/०७९/०८० | राखौनी भगतपुरन ताल | कैलारी गा.पा.५ | १८,७०,०००/- | ३,०००/- | ३० दिन | ५ वर्ष |
| १४/०७९/०८० | दक्षिण राखौनी ताल | कैलारी गा.पा.५ | १३,२०,०००/- | ३,०००/- | ३० दिन | ५ वर्ष |
| १५/०७९/०८० | सौनिया ताल | कैलारी गा.पा.५ | ५,५५,५००/- | ३,०००/- | ३० दिन | ५ वर्ष |
| १६/०७९/०८० | ठूला कोइलही ताल | कैलारी गा.पा.९ | ३०,८०,०००/- | ३,०००/- | ३० दिन | ५ वर्ष |
| १७/०७९/०८० | सुइती ताल पूर्व र पश्चिम | कैलारी गा.पा.७ | १,६५,०००/- | ३,०००/- | ३० दिन | ५ वर्ष |
| १८/०७९/०८० | जमनेहता ताल | कैलारी गा.पा.१ | २,२७,७००/- | ३,०००/- | ३० दिन | ५ वर्ष |

१. शिलबन्दी बोलपत्र सम्बन्धी कागजात यो सुचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समयभित्र कैलारी गाउपालिका गाउ कार्यपालिकाको कार्यालय हसुलिया, कैलालीबाट फर्म दर्ता (नविकरण सहित), मु.अ. कर, स्थायी लेखा नं.(पान न) दर्ता र आ. व. २०७८/०७९ सम्मको कर चुक्ता भएको प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्र लगायतका सम्पूर्ण कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न राखी राजस्व दस्तुर बापत नगद रु.३,०००।-दस्तुर (फिर्ता नहुने) बुझाई गाउपालिकाको राजश्व शाखाबाट बोलपत्र खरिद गर्न सकिने छ।
२. सिलबन्दी बोलपत्र फाराम मिति २०८०/०४/०२ गते सम्म खरिद गरि ०८०/०४/०३ गते दिनको १२ बजे भित्र रितपुर्वक कार्यालयमा दर्ता गराउनुपर्ने छ। बोलपत्र तत् मितिको दिनको २ बजे सिलबन्दी बोलपत्र खोलिने छ।
३. रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा ११ अनुसार ठेक्का अवधि ५ वर्ष सम्म हुनेछ।
४. बोलपत्रदाताले खाम बाहिर पट्टी ठेक्का नं., ठेक्काको विवरण, र नाम आदी प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ।
५. ठेक्का लिन चाहने ईच्छुक व्यक्तिले आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशत रकम धरौटी राख्नु पर्नेछ।धरौटी बापतको रकम यस कार्यालयको नामाम रहेको एनआइ सि एशिया बैंक हसुलिया कैलाली शाखामा रहेको धरौटी खाता नं. 25CA500087524003 मा नगदै जम्मा वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बाणिन्य बैंकले जारी गरेको १२० दिन मान्य अवधि भएको विडवण्डको सक्कल प्रति शिलबन्दी बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।

प्रमुख प्रशासकिय अधिकृत

६. कबोल रकम अंक र अक्षरमा प्रष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछैन। कार्यालयमा दर्ता भएको बोलपत्र फिर्ता हुने छैन।

७. पेश भएको वोलपत्र दर्ता भएको दिनको २ बजे बाट यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधी तथा कार्यालयका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। सो समयमा बोल पत्र दाता वा निजका प्रतिनिधीहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

८. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै गाउ कार्यपालिकाको कार्यालय खुलेको दिन सोही समयानुसा हुनेछ।

९. रित पुर्वक दाखिला भएका बोलपत्रहरु मध्ये घटी वा बढी वालाको वोल पत्र स्वीकृत गर्ने वा सुचना नै रद्ध गर्ने वा सूचना संसोधन गर्ने आदि सम्पुर्ण आधिकार यस कार्यालयमा सुरक्षित रहने छ। साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन।

१०.ठेक्का कबोल गरेको रकम ठेक्का सम्झौता गर्ने ठेकेदारले प्रत्येक चैत्र मसान्त भित्र आफुले कवोल गरेको अंकको रकमलाई ५ किस्तामानी आउने प्रत्येक बर्षको किस्ता एकमुष्टरुपमा बुझाई मात्र आगामी बर्षको कार्य सञ्चालन गर्नुपर्ने छ। ठेक्दारले सम्झौता समयमा ठेक्का अंक अनुसारको सम्पुर्ण ५ बर्षकै ठेक्का रकम एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत सम्म रकम निजलाई छुट दिन सकिने छ।

११. ठेकेदारले नेपाल सरकार तथा गाउपालिकाको कार्यालयले समयमा दिएको निर्देशन पालना गर्नु पर्ने छ। कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा गाउपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ।

१२. प्रचलिन नियमानुसार कालो सूचीमा परेका र गाउपालिकाको कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्म तथा कम्पनीहरुको वोलपत्र उपर कुनै कारवाही हुने छैन।

१४.गाउपालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयका कार्यलय प्रमुखबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ। प्रमाणित नभएका रसिदबाट कर संकलन गर्न पाइने छैन।

१५. सूचना उल्लेखित हुन नसकेका अन्य कुराहरुको हकमा प्रचालित नियम कानुन अनुसार हुनेछ। ठेक्का सम्झौता पछि गाउपालिकाको कार्यालयलाई बुझाउनु पर्ने रकमहरु मध्ये कुनै किसिमको मिनाहरुको लागि दाबी गर्न पाइने छैन।

१६. सूचनामा उल्लेखित भएको कुरा यसै अनुसार र नभएका अन्य कुरा प्रचालित कानुन बमोजिम हुने छ।

१७. ठेकेदारले तालको प्राकृतिक आकृति तथा संरचना बिग्रने गरी, जैविक विविधतामा असर पर्ने गरी र वन, जलचर ऐन तथा पर्यावरण सम्बन्धि ऐन नियमको विपरित हुने गरी कुनै कार्य गर्न पाइने छैन।

१८. यस सूचनाको विषयमा थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र योजना शाखाबाट प्राप्त गर्न सकिने छ।

प्रमुख प्रशासकिय अधिकृत
विर बहादुर ऐर

प्रमुख प्रशासकिय अधिकृत